ネパール語

नयाँ कोरोना भाइरस संक्रमण फैलावट सम्बन्धी सङ्कटकालीन परिस्थितिमा चालिने कदमका बारेमा

○ यस प्रिफेक्चर(अञ्चल)मा, प्रिफेक्चरवासीको जीउज्यान तथा स्वास्थ्यको रक्षालाई सर्वाधिक महत्त्व दिई संक्रमण तथा त्यसको फैलावटको रोकथाम गर्ने हेतुले शनिवार र आइतवारका दिनमा अनावश्यक तथा हतार नभएका कामले बाहिर ननिस्कनको लागि अनुरोध गरिँदैआएको थियो । यद्यपि, यस प्रिफेक्चरमा संक्रमितको सङ्ख्यामा अकस्मात् ह्वात्तै वृद्धि हुन आएको छ, जसले गर्दा अस्पताल आदिमा सामूहिक संक्रमण पनि देखिन थालेको छ ।

यस किसिमका अवस्थालाई मध्यनजर गर्दै अप्रिल ७ तारिखमा सरकारद्वारा फुकुओका प्रिफेक्चर समक्ष ‘सङ्कटकालीन परिस्थितिको घोषणा’ गरिएको छ ।

○ ‘सङ्कटकालीन परिस्थितिको घोषणा’ भएपछि मे महिनाको ६ तारिख सम्मको अवधिमा सङ्कटकालीन परिस्थितिमा चालिने कदमको कार्यान्वयन गरिने निर्णय गरिएको छ ।

○ प्रिफेक्चरवासी समक्ष निम्न अनुसारका अनुरोध गरिन्छ ।

(१) सोमवार देखि शुक्रवार, शनिवार र आइतवार तथा दिवा रात्री जुनसुकै बेला पनि, स्वास्थ्य निकायमा जँचाउन जाने, खाद्य पदार्थ, औषधी वा दैनिक जीवनका आधारभूत सामाग्री किन्न जाने, कार्यालयमा काममा जाने, घर भवन बाहिर व्यायाम वा खेलकुद गर्ने तथा वोकिङ गर्ने जस्ता जिउनका लागि आवश्यक काम बाहेक बाहिर ननिस्कने

(२) हावाको आवतजावत राम्रो नहुने ‘गुम्सेको स्थान’, धेरै मान्छेहरू भेला हुने ‘भिडभाड’, निकटमा कुराकानी हुने तथा आवाज निकाल्ने ‘निकट संसर्ग स्थल’, यी ३ सर्तहरूमा सामूहिक संक्रमणको खतरा उच्च हुने हुनाले यी ३ सर्तको एकैपटक मिलन हुन नदिने

(३) हात धुने प्रक्रिया तथा खोकी को मर्यादाको पालना गर्ने

(४) ज्वरो तथा खोकी आदि रुघा खोकीको लक्षण भई नजिकको चिकित्सकमा जँचाउन जाँदा सिधै नगएर अनिवार्य रूपमा टेलिफोनद्वारा अग्रिम सल्लाह् लिने

(५) खाद्य तथा पेय पदार्थ र दैनिक जीवनका आवश्यक सामाग्रीका स–साना पसल भने खुला हुने हुनाले, पसलमा राखिएका खाद्य पदार्थ तथा औषधी, दैनिक जीवनका आवश्यक सामाग्री एकलौटी रूपमा किन्ने जस्ता काम नगर्ने

हामी निम्नमा तपाईंको निरन्तर सहयोगको लागि आग्रह गर्दछौं।

(१) नयाँ कोरोना भाइरस संक्रमणको आशङ्का रहेको खण्डमा, स्वास्थ्य केन्द्रमा राखिएको 'स्वदेश फिर्ता तथा संसर्गमा आएका लागिको सल्लाह् केन्द्र' मा फोन गरी सल्लाह् लिने

(२) अनावश्यक तथा हतार नभएका कामले जन्मथलोमा फर्कने वा यात्रामा निस्कने आदि प्रिफेक्चर नाघेर आवतजावत गर्ने काम, महामारी रोकथामको दृष्टिकोणबाट सकेसम्म नगर्ने
साथै, यो लक डाउन भन्दा फरक हुन्छ ।

(३) कार्यालय जाने काम, बाहिर निस्कन स्वैच्छिक नियन्त्रणको आह्वानमा त पर्दैन तर आफ्नो निवासमा काम गर्ने (टेलिवर्क), समय फरक पारेर काममा जाने, साइकलद्वारा काममा जाने आदि गरी मान्छेसँगको प्रत्यक्ष आदानप्रदान कम गर्ने

(४) विदेश जाने बारेमा, जापानी परराष्ट्र मन्त्रालयको सतर्कता तथा निर्देशनको पालना गर्ने

(५) संक्रमण फैलावटको कारण बन्न सक्ने समारोह (इभेन्ट)को आयोजना नगर्ने

○ वर्तमानको समय, संक्रमण तथा संक्रमण फैलावटको रोकथामका लागि अत्यन्त महत्त्वपूर्ण तथा दोधारको अवधि रहेको अवस्था छ । प्रत्येक प्रिफेक्चरवासीले आफ्नो ज्यान आफैले बचाई वरिपरिका मान्छेको ज्यान पनि बचाउने कार्यले १ हप्ता पछि वा २ हप्ता पछिको यस क्षेत्र, साथै जापानको परिस्थितिको निश्चय गर्नेछ ।

सम्पूर्ण प्रिफेक्चरवासीको समझदारी तथा सहयोगको लागि अनुरोध गरिन्छ ।